प्रदेश सभा
प्रदेश सभा सचिवालय
प्रदेश नं. ५, बुटवल

# शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित २०७५/९/२८

यस कार्यालयको लागि इलेक्ट्रोनिक्स (कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, प्रिन्टर र युपीएस) सामान आवश्यक परेकोले इजाजत प्राप्त आधिकारिक आपूर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**निम्न**

१) शिलबन्दी दरभाउपत्र राष्ट्रिय दैनिक, दैनिक पत्र पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र निम्न बमोजिमको रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७३/०७४ सम्म मान्य हुने भएको डिलरसिप दर्ता प्रमाणपत्र, आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी ईच्छुक डिलर्सहरुले लिखित निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र नमूना बमोजिमको दरभाउपत्र खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउ पत्रमा उल्लेख भएका सबै विषयहरु प्रष्ट गरी दरभाउ पत्रमा सही छाप गरी शिलबन्दी गर्ने र खाम बाहिर डिलर्सको नाम, ठेगाना र कामको विवरण स्पष्ट खोली १६ औं दिन दिनको १२ बजे भित्रमा यस सचिवालयमा दर्ता गर्नु पर्नेछ।

३) दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २ बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४) शिलबन्दी दरभाउपत्र पेश गर्दा लागत अनुमान रकमको २.५ (अढाई) प्रतिशतले हुने रकम श्री प्रदेश लेखा नियन्त्रक कार्यालय बुटवलको राष्ट्रिय वाणिज्य बैंक लि. बुटवल स्थित बैंक हिसाब नं. ३१२०२०२०००००१ धरौटी खाता र जम्मा गर्ने कार्यालय प्रदेश सभा सचिवालय बुटवल (कार्यालय कोड नं. ७०५२१४८०१) मा जम्मा गरेको सक्कल भौचर वा सो बराबर रकमको नेपाल सरकारबाट स्विकृत प्राप्त बैंकको जमानीपत्र पेश गर्नु पर्नेछ।

५) दरभाउपत्र स्विकृत भएपछि कबोल अंकको ५ प्रतिशतले हुने रकममा नपुग रकम बराबरको रकम धरौटी खाता नं. ३१२०२०२०००००१ मा जम्मा गरेको सक्कल भौचर वा बैंक जमानी पत्र पेश गर्नु पर्नेछ।

६) दरभाउपत्र पेश गर्दा केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको दरभाउपत्रमा थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ।

७) समय भित्र प्राप्त हुन नआएको दरभाउपत्र माथि कारवाही हुने छैन।

८) दरभाउ पेश गर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९) दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट विदा पछि कार्यालय खुलेको दिन हुनेछ।

१०) कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

११) दरभाउपत्रवालाले आफुले कबोल गर्ने अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ।

१२) दरभाउ सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१३) दरभाउपत्र फिर्ता नहुने गरी रु.१०००/- (एक हजार) तिरी खरिद गर्नु पर्नेछ। सो दरभाउपत्र श्री राष्ट्रिय वाणिज्य बैंक लि. बुटवल स्थित बैंक राजस्व खाता नं. १०००२०००१०००० प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल र जम्मा गर्ने कार्यालय प्रदेश सभा सचिवालय बुटवल (कार्यालय कोड नं. ७०५२१४८०१) राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेश गरी लिनु पर्नेछ।

१४) यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।

१५) निम्नानुसार विवरण भएको सामान उपलब्ध गराउनु पर्नेछ।

**सप्लाई गर्ने सामानको विवरण**

| सि.नं. | सामानको विवरण | संख्या | लागन अनुमान रु. (मु.अ.कर समेत) |
|---|---|---|---|
| १ | Computer Set | 16 (Sixteen) | 11,76,000/- |
| २ | Laptop Set | 2 (Two) | 1,49,000/- |
| ३ | Printer Set | 17 (Seventeen) | 2,72,000/- |
| ४ | Projector Set | 2 (Two) | 94,000/- |
| ५ | UPS Set | 16 (Sixteen) | 65,6000/- |

प्रदेश सभा सचिवालय
बुटवल